नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्याः

च.नं.:

प्रेस विज्ञप्ति

Nepal- China Coordination Mechanism on Border Trade and Cooperation को तेस्रो वाणिज्य सचिवस्तरीय बैठक मिति २०८२ माघ ६–७ गते (तदनुसार सन् २०२६ जनवरी २०–२१) का दिन चीनको सिजाङ स्वायत्त क्षेत्र (XAR) को ल्हासामा सम्पन्न भयो। बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले गर्नुभएको थियो भने चीनियाँ प्रतिनिधिमण्डलको नेतृत्व सिजाङ जनसरकारका उपाध्यक्ष महामहिम श्री चाओ पेङले गर्नुभएको थियो।

बैठकमा सन् २०२४ नोभेम्बरमा काठमाडौंमा सम्पन्न दोस्रो बैठकको निर्णय तथा सहमति कार्यान्वयनको प्रगति समीक्षा गरी आगामी हितका लागि समन्वय सहयोग र सहकार्यका क्षेत्रमा मार्गनिर्देश गरेको छ। बैठकमा द्विपक्षीय व्यापार, लगानी, पारवहन, भन्सार सहजीकरण, प्राविधिक सहकार्य र व्यापार पूर्वाधार विकास सम्बन्धी विविध विषयमा बृहत् छलफल भएको थियो। दुवै पक्षबीच सन् १९८१ को व्यापार तथा भुक्तानी सम्झौताको समसामयिक संशोधन, व्यापारी, चालक र सहचालकका लागि सीमा प्रवेश पास सरलीकरण, टोखा–छहरे सुरुङ निर्माण प्रक्रियालाई तीव्रता, रासायनिक मल आयातका लागि कोटा निर्धारण, नेपाल अति कम विकसित राष्ट्रबाट स्तरोन्नति पश्चात पनि चीनको शून्य भन्सार नीतिलाई निरन्तरता दिने विषय तथा विपद्का समयमा चिनियाँ पक्षले सवारी साधन पुनर्मार्गीकरण (Rerouting) सुविधा दिने लगायतका विषयमा छलफल भएको थियो।

भन्सार सहजीकरण र सीमा व्यवस्थापन सुधारका लागि दुवै पक्षले नेपाल–चीन सीमा यातायात सम्झौतालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी व्यापारको समय र लागत घटाउने, जोखिममा आधारित निरीक्षणसहित हरित च्यानलमार्फत मालवस्तुको आयात निर्यात प्रवर्द्धन, प्रयोगशाला परीक्षण सुदृढीकरण, द्विपक्षीय व्यापार सम्बन्धी तथ्याङ्क आदान–प्रदान, सवारी आवागमन सहजता तथा नेपालबाट जुट निर्यात गर्न सहजीकरण गर्ने विषयमा सकारात्मक छलफल भयो। साथै, सीमा सुरक्षाका लागि आपसी समन्वयमा कानून कार्यान्वयनलाई थप प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गरियो।

संखुवासभा जिल्लाको सीमा नाका किमाथाङ्कामा सडक, मितेरी पुल, नेपालको किमाथाङ्का र चीनको सिजाङ्ग स्वायत्त क्षेत्र (छेन्ताङ) मा जोड्ने सडक र आइसिडि (Inland Container Depot) निर्माण सम्बन्धी नेपाल पक्षको प्रस्तावमा कूटनीतिक माध्यमबाट अगाडि बढाउने समझदारी भएको छ। साथै, रसुवा (जिलोंग) को टिमुरे स्थित आइसिडि निर्माण कार्यलाई निरन्तरता दिने, मुस्ताङको कोरला नाकाको दुवै तर्फ भन्सार प्रक्रिया सहज बनाउने, कोरला नाकामा आइसिडि निर्माण गर्ने प्रक्रियालाई तीव्रता दिने, हिल्सा–सिमिकोट सडकका सम्बन्धमा र रसुवा -स्याफ्रुवेसी सडक निर्माण कार्यमा नेपालको तर्फबाट सहजीकरण गर्ने तथा चीनको तर्फबाट निर्माण कार्यलाई तीव्रता दिने विषयमा समेत छलफल भयो।

चीनको जिलोंग र रसुवा जिल्लाको कुनै एक नगरपालिकाबीच भगिनी सम्बन्ध (Sister City Relationship) स्थापना गर्ने चिनियाँ पक्षको प्रस्तावका सम्बन्धमा छलफल भई सो विषयमा चिनियाँ पक्षबाट कुटनैतिक माध्यबाट औपचारिकरूपमा प्रस्ताब पठाउने गरी सहमति भएको छ। साथै, नेपाल–चीन उच्च प्रविधियुक्त कृषि पार्क निर्माण परियोजना अगाडि बढाउने सहमति भयो। दुवै पक्षले Authorized Economic Operator (AEO) प्रमाणीकरणको अवधारणा कार्यान्वयन, काठमाडौं–ल्हासा बस सेवा पुनःसञ्चालन, तथा परम्परागत चिकित्सा क्षेत्रमा आपसी सहकार्य सुदृढ गर्ने सहमति जनाइयो।

सो बैठक मैत्रीपूर्ण र सकारात्मक वातावरणमा सम्पन्न भएको र दुवै पक्ष बीच यस संयन्त्रको आगामी चौथो बैठक आपसी सहमतिमा मिति तय गरी सन् २०२७ मा नेपालमा आयोजना गर्ने सहमति भएको छ। नेपाली प्रतिनिधिमण्डलमा नेपाल राष्ट्र बैंक, ल्हासास्थित नेपाली महावाणिज्यदूतावास, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयका वरिष्ठ अधिकारीहरू सहभागी थिए। चिनियाँ प्रतिनिधिमण्डलमा सिजाङ स्वायत्त क्षेत्रका वाणिज्य विभाग, वैदेशिक मामिला कार्यालय, चीनियाँ भन्सार तथा अन्य सरकारी निकायका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको थियो।

मिति २०८२ माघ ९ गते शुक्रबार,
नेपाल सम्बत् ११४६।

(नेत्र प्रसाद सुवेदी)
सहसचिव एवम् प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
E-mail: info@moi.gov.np, Website: http://www.moi.gov.np